प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

प्रदेश नं. ३ हेटौंडा, मकवानपुर

# पशु तथा मत्स्य क्षेत्रको लागि यान्त्रीकरण साझेदार को लागि प्रस्ताव आव्हानको सूचना

(प्रथमपटक प्रकाशित मिति: २०७६/०७/१९ गते)

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ , हेटौंडाअन्तर्गत पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय प्रदेश नं. ३ हेटौंडा, मकवानपुरको आ.व. २०७६।०७७ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार कृषि यान्त्रिकरण प्रवर्द्धनसम्बन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन २०७६) अनुसार पशुपालन र मत्स्य क्षेत्रको कृषि यन्त्र उपकरणहरू खरिद गर्न प्रदेश नं. ३ का कृषक समूह, कृषि सहकारी, निजी पशु तथा मत्स्यपालन फर्म र दुग्ध, मासु, दाना, घाँस, मत्स्य उद्यमी/व्यवसायीहरूले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र कार्यालय समयभित्र सम्बन्धित भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा देहायबमोजिमका कागजात सहित निवेदन साथ प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ। साथै रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनोटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

## पेस गर्नुपर्ने कागजातहरूको विवरण:

१. रु.१०।- को हुलाक टिकट टाँस गरेको निवेदन,
२. मेसिनरी औंजार सञ्चालन तथा मर्मतसम्बन्धी तालीम लिएको भए सो प्रमाणपत्रको प्रतिलिपि
३. आधिकारिक दर्ता प्रमाण पत्रको प्रतिलिपि,
४. संस्था नवीकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र,
५. साझेदारको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि,
६. गत आ.व. को करचुक्ता प्रमाण पत्र,
७. साझेदारको निर्णय प्रतिलिपि,
८. साझेदारले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र,
९. अधिकारप्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र फोटो १ प्रति (पासपोर्ट साइजको)।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

प्रदेश नं. ३ हेटौंडा, मकवानपुर

# चिलिङ सेन्टरको लागि भ्याट र जेनेरेटर सहयोगका लागि प्रस्ताव आह्वानको सूचना

(प्रथमपटक प्रकाशित मिति: २०७६/०७/१९ गते)

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश न. ३, हेटौंडाअन्तर्गत पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय प्रदेश न. ३ हेटौंडा, मकवानपुरको आ.व. २०७६।०७७ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार चिलिङ सेन्टरको लागि भ्याट र जेनेरेटर सहयोग कार्यक्रम रहेकोले सहभागी हुन इच्छुक आवेदक संस्थाबाट प्रस्ताव माग गर्न यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशित मितिले ३० दिनभित्र तपसिलअनुसारका कागजातहरू संलग्न गरी निर्देशनालय वा कार्यालयमा तोकिएको ढाँचा (कार्यविधिको अनुसूची (२) मा आवेदन-पत्र पेस गर्नुहुन सूचित गरिन्छ। साथै रीत नपुगी दर्ता भएका प्रस्तावहरू छनोट प्रक्रियामा समावेश गरिने छैन।

## आवेदन-पत्र साथ संलग्न गर्नुपर्ने कागजात:

१. रु.१०/- को हुलाक टिकट टाँस गरेको निवेदन,

२. भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस

३. कार्यक्रममा सहभागी हुने नेपाल डेरी एसोसियसन/दुग्ध उत्पादक सहकारी संघको सिफारिस पत्र

४. निजी/सहकारी संस्था दर्ता प्रमाण-पत्र

५. व्यावसायिक कार्ययोजना

६. स्थायी लेखा नम्बर (PAN) दर्ता र नवीकरण प्रमाण-पत्र प्रतिलिपि

७. लेखा परीक्षण प्रतिवेदन प्रतिलिपि

८. कार्य समिति निर्णय प्रतिलिपि

**नोट: कार्यक्रमसम्बन्धी विस्तृत विवरण निर्देशनालय वा सम्बन्धित कार्यालयको सूचनापाटी र वेबसाइट dolfd.p3.gov.np मा हेर्न सकिने छ।**